# उद्देश्य र कारण

नेपालको संविधानको अनुसुची-६, प्रदेशको अधिकारको सूची अन्तर्गत क्र.सं. ३ मा रेडियो, एफ.एम, टिलिभिजन सञ्चालन, त्यस्तै अनुसूची-७, सङ्घ र प्रदेशको साझा अधिकारको सूचीको क्र.सं. १४ मा सञ्चार माध्यम सम्बन्धी विषय उल्लेख भएको छ। विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचना र सञ्चारको हकलाई संरक्षण गर्न, पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्न, आमसञ्चार माध्यमको संस्थागत क्षमता अभिवृद्धि गर्न, आमसञ्चार माध्यममा कार्यरत पत्रकार तथा जनशक्तिको हक हित प्रवर्धन गर्न, आमसञ्चार क्षेत्रको नियमन तथा अनुगमन गर्न, आमसञ्चार माध्यमलाई स्वतन्त्र, मर्यादित, जिम्मेवार र नागरिक प्रति जवाफदेही बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न "आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" जारी गर्न आवश्यक देखिएकोले सुदूरपश्चिम प्रदेश सभामा पेस गर्नु परेको हो।

यस आमसञ्चार विधेयक ल्याउनुको मुख्य उद्देश्य सुदूरपश्चिम प्रदेशभित्र सञ्चालित आमसञ्चार माध्यमको संस्थागत रुपमा व्यवस्थित बनाउनु रहेको छ। यसले स्वतन्त्र, निष्पक्ष, मर्यादित र नागरिकप्रति जवाफदेही सञ्चार माध्यमको विकास र प्रवर्धनलाई प्रोत्साहन गर्नेछ। विधेयकले आमसञ्चार क्षेत्रसँगको समन्वय कायम गरी पत्रकार र सञ्चारकर्मीको व्यावसायिक हित बढाउने कानूनी व्यवस्था गर्ने लक्ष्य राखेको छ। यस आमसञ्चार विधेयकको थप उद्देश्यहरु निम्न उल्लेख छन्ः-

१. प्राविधिक र व्यावसायिक सुधारः सञ्चार माध्यमहरुको दर्ता, नवीकरण र इजाजतपत्र प्रक्रियालाई प्राविधिक रुपमा सुधार गर्दै सञ्चार माध्यमहरुको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने प्रावधान रहेको छ।
२. नियमन र अनुशासनः प्रशासन सामग्रीको गुणस्तर नियन्त्रण र अनुशासन कायम गर्न, सामग्रीको विषयवस्तुमा हिंसा, द्वेष आदि रोक्न कडा नियमन र नियमनकारी निकायको अधिकार स्थापना गरिएको छ।
३. सञ्चारकर्मीको अधिकार र सुरक्षाको सुनिश्चितताः पत्रकार र सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, बिमा र कार्यस्थलमा सुरक्षाको व्यवस्थालाई प्राथमिकता दिइएको छ।
४. सूचना प्रविधिको प्रवर्धनः अनलाईन सञ्चार माध्यमको दर्ता र अभिलेखीकरणलाई कानूनी मान्यता दिँदै सूचना प्रविधिको विकास र प्रयोगलाई प्रोत्साहन गर्न सहयोग पुऱ्याउनेछ।

यो विधेयकले प्रदेश सञ्चार क्षेत्रलाई सुदृढ, व्यवस्थित र उत्तरदायी बनाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

हिरा सार्की
(मन्त्री)
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

## आर्थिक टिप्पणी

प्रस्तुत "सुदूरपश्चिम प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" ऐन बनी कार्यान्वयन गर्दा प्रदेश सरकारमा आर्थिक व्ययभार पर्ने देखिन्छ। साथै यस विधेयकले आर्थिक पक्षमा निम्न लिखित प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छः

१. राजस्व सङ्कलनमा वृद्धिः विधेयकले सञ्चार माध्यमको दर्ता, नवीकरण र इजाजतपत्रका लागि शुल्क निर्धारण गरेको छ, जसले प्रदेश सरकारको राजस्वमा योगदान पुऱ्याउँछ।

२. स्थानीय अर्थतन्त्रको प्रवर्धनः विधेयकले स्थानीय सञ्चार माध्यमलाई प्रोत्साहन दिएर स्थानीय विज्ञापन र जानकारी प्रवाहमा वृद्धि गरी साना तथा मझौला व्यवसायहरुलाई लाभ पुऱ्याउनेछ। सञ्चार माध्यमहरुमा अधिक नियमन र व्यवस्थित विकासले नयाँ रोजगारीको अवसर विशेषगरी सञ्चारकर्मी, प्राविधिक र व्यवस्थापकीय क्षेत्रमा सिर्जना गर्न सक्छ।

३. नयाँ लगानीको सम्भावनाः स्पष्ट कानूनी संरचना र नियमनका कारण सञ्चार क्षेत्रमा नयाँ लगानीको सम्भावना अभिवृद्धि भई प्रदेशको आर्थिक विकासमा योगदान पुऱ्याउनेछ।

हिरा सार्की
(मन्त्री)
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क.सं. | मूल विधेयकको दफा र उपदफा | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको कार्य प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ६ को उपदफा (९) | सञ्चार रजिष्ट्रार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सञ्चार रजिष्ट्रार सम्बन्धी थप व्यवस्था गर्ने सम्बन्धमा | सञ्चार रजिष्ट्रार सम्बन्धी अन्य व्यवस्था उल्लेख गर्न आवश्यक भएकोले। |
| २. | दफा ८ को उपदफा (१) को खण्ड (ङ) | निज शारीरिक वा मानसिक रुपमा अशक्त भई कार्यसम्पादन गर्न असमर्थ रहेको भनी सञ्चार क्षेत्र हेर्ने मन्त्रालयबाट गठित विज्ञ सम्मिलित तोकिए बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गरेमा | सञ्चार रजिष्ट्रार शारीरिक वा मानसिक रुपमा अशक्त भई पद मुक्त हुने अवस्था निर्धारण गर्नका लागि विज्ञ समितिको व्यवस्था गर्न | विज्ञ समितिको व्यवस्था गर्न आवश्यक भएकोले। |
| ३. | दफा ९ को खण्ड (ढ) | तोकिए बमोजिमका अन्य कार्य गर्ने। | सञ्चार रजिष्ट्रारको अन्य कार्यसम्बन्धी व्यवस्था गर्न | सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार थप हुन सक्ने। |
| ४. | दफा ११ को खण्ड (ङ) | तोकिए बमोजिमका अन्य कार्य गर्ने। | आमसञ्चार माध्यमको अन्य कार्यसम्बन्धी व्यवस्था गर्न | आमसञ्चार माध्यमको काम, कर्तव्य र अधिकार थप हुन सक्ने |
| ५. | दफा १३ को उपदफा (१) | (१) सार्वजनिक रुपमा बिक्रीवितरण हुने पत्रपत्रिका प्रदेशभित्र प्रकाशन गर्न चाहने व्यक्तिले पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठसङ्ख्या, छापिने सङ्ख्या र प्रकाशन गरिने स्थान समेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ। | दर्ता गर्न लाग्ने दस्तुर तोक्न र दर्ता गर्ने ढाँचा व्यवस्था गर्ने सम्बन्धमा | दर्ता गर्दा लाग्ने दस्तुरमा एकरुपता कायम गर्न र दर्ता गर्ने ढाँचा के कस्तो हुने भन्ने सम्बन्धमा उल्लेख गर्नुपर्ने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ६. | दफा १४ को उपदफा (२) | (२) पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अङ्क तोकिए बमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ। | पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अङ्क तोक्नका लागि थप व्यवस्था गर्ने सम्बन्धमा | पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अङ्क तोक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| ७. | दफा १५ को उपदफा (१) र (२) | (१) पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिए बमोजिमको प्रक्रिया अपनाई वर्गीकरण गरिनेछ।<br>(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा पत्रपत्रिका प्रकाशन संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, पत्रपत्रिकाको पहुँच क्षेत्र, प्रकाशनको नियमितता, श्रमजीवी पत्रकारका लागि प्रदान गरिएको सुविधा, सामाजिक सुरक्षाको व्यवस्था र तोकिएका अन्य आधारमा वर्गीकरण गरिनेछ। | पत्रपत्रिकाको वर्गीकरण सम्बन्धमा थप व्यवस्था गर्न | पत्रपत्रिकाको वर्गीकरण सम्बन्धमा स्पष्टताको लागि थप व्यवस्था हुने। |
| ८. | दफा १७ को उपदफा (२), (३) र (४) | (२) प्रदेशभित्रको कुनै ठाउँमा केबुलमा आधारित टेलिभिजन वा अन्य प्रसारण माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न वा एक हजार वाटसम्मको फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले तोकिएको दस्तुर सहित कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी मनासिब देखिएमा कार्यालयले तोकिएका शर्त पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न वा फ्रिक्वेन्सी | कार्यक्रम प्रसारण गर्न लाग्ने दस्तुर तोक्न र ढाँचा व्यवस्था गर्ने सम्बन्धमा | कार्यक्रम प्रसारण गर्न लाग्ने दस्तुरमा र ढाँचामा स्पष्ट र एकरुपता कायम गर्नुपर्ने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | मोडुलेसन स्थापना गर्न सिफारिस गर्नेछ।<br>(४) कुनै प्रसारक संस्थाले स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू–उपग्रह प्रसारण केन्द्र स्थापना गरी वा नेटवर्क मार्फत कुनै कार्यक्रम प्रदेशको जुनसुकै भूभागमा प्रसारण गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ। यसरी प्राप्त निवेदन उपर नेपाल सरकारको सञ्चार क्षेत्र हेर्ने मन्त्रालयसँगको समन्वयमा अनुमति दिन सकिनेछ। | | |
| ९. | दफा १८ को उपदफा (२), (३) र (४) | (२) इजाजतपत्र प्राप्त संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र तोकिएको नवीकरण दस्तुर तथा प्रसारण शुल्क सहित कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नगराउने संस्थासँग तोकिए बमोजिमको जरिबाना लिई नवीकरण गरिनेछ।<br>(४) इजाजत पत्र, नवीकरण दस्तुर, प्रसारण शुल्क तथा जरिबाना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | इजाजतपत्र तथा नवीकरण दस्तुर र जरिबाना तोक्ने व्यवस्था गर्ने सम्बन्धमा | इजाजतपत्र तथा नवीकरण दस्तुर, जरिबाना सम्बन्धमा स्पष्ट रुपमा तोक्न आवश्यक भएकोले। |
| १०. | दफा २० को उपदफा (२) र (४) | (२) समाचार वा सूचनामूलक कार्यक्रम प्रसारण गर्ने संस्थाले तोकिएको योग्यता पुगेको सम्पादक नियुक्त गरी सम्पादकीय स्वतन्त्रताको संरक्षण गर्नुपर्नेछ।<br>(४) सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण र निजी एवम् व्यापारिक प्रसारणको नियमन र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | सम्पादकको योग्यता सम्बन्धमा र प्रसारण संस्थाको नियमन गर्ने व्यवस्था गर्न | सम्पादकको योग्यताको सम्बन्धमा स्पष्ट व्यवस्था गर्न र सबै प्रकारका प्रसारणको नियमन गर्न आवश्यक भएकोले। |
| ११. | दफा २१ को उपदफा (२), (५) | (२) अनलाइन सञ्चार माध्यम सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको विवरण र दस्तुर सहित तोकिए | अनलाइन सञ्चार माध्यम दर्ता, नवीकरण र | अनलाइन सञ्चार माध्यम दर्ता, नवीकरण र अभिलेखीकरण |

| | | | | |
|---|---|---|---|---|
| | (६) र (७) | बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।<br>(५) यस दफा बमोजिम दर्ता भएका अनलाइन सञ्चार माध्यमले तोकिए बमोजिम प्रत्येक बर्ष नवीकरण गर्नु पर्नेछ।<br>(६) यस दफा बमोजिम अनलाइन सञ्चार माध्यम दर्ता गर्दा र नविकरण गर्दा कार्यरत जनशक्तिको तहगत विवरण र तोकिएको पारिश्रमिक र सेवाका अन्य शर्त लागू भएको विवरण कार्यालय समक्ष पेस गर्नु पर्नेछ।<br>(७) अनलाइन सञ्चार माध्यमको दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | अभिलेखीकरण सम्बन्धमा थप व्यवस्था गर्न | सम्बन्धमा ढाँचा तोक्ने थप व्यवस्था आवश्यक हुने भएकोले। |
| १२. | दफा २२ को खण्ड (ग) | (ग) तोकिएका अन्य विषय । | अनलाइन सञ्चार माध्यम सम्बन्धी थप व्यवस्था गर्ने सम्बन्धमा | अनलाइन सञ्चार माध्यम सम्बन्धी थप व्यवस्था गर्न। |
| १३. | दफा २५ को उपदफा (११) र उपदफा (१२) को खण्ड (ज) | (११) विज्ञापन अनुगमन तथा नियमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ। | विज्ञापन अनुगमन तथा नियमन व्यवस्था गर्न | विज्ञापन अनुगमन तथा नियमन गर्न आवश्यक भएकोले। |
| १४. | दफा २८ | तोकिएको मापदण्ड पूरा नगर्ने आमसञ्चार माध्यमलाई प्रदेश सरकार वा मातहतका निकायबाट प्राप्त हुने सबै प्रकारका वा कुनै सुविधा रोक्का गर्न सकिनेछ। | आमसञ्चार माध्यमलाई व्यवस्थित र मर्यादित बनाउन व्यवस्था गर्न | आमसञ्चार माध्यमलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकोले |
| १५. | दफा ३२ | यस ऐन बमोजिम अभिलेखीकरण भएको आमसञ्चार माध्यमको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्ति वा संस्थाले सात दिन भित्रमा सोको जानकारी तोकिएको | आमसञ्चार माध्यमको अभिलेखीकरण सम्बन्धमा व्यवस्था गर्न | आमसञ्चार माध्यमको अभिलेखीकरण सम्बन्धमा ढाँचाको आवश्यक भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | ढाँचामा कार्यालयलाई दिनु पर्नेछ र कार्यालयले तत्सम्बन्धी विवरण दर्ता किताबमा अभिलेख गर्नु पर्नेछ। | | |
| १६. | दफा ३३ को उपदफा (२) | (२) दर्ता भएका आमसञ्चार माध्यम कुनै कारणले सञ्चालन हुन नसकेमा वा सञ्चालन भई बन्द गर्नु परेमा सोको जानकारी तोकिए बमोजिम कार्यालयलाई दिनु पर्नेछ। | दर्ता भएका आमसञ्चार माध्यमको नियमन सम्बन्धमा थप व्यवस्था गर्न | दर्ता भएका आमसञ्चार माध्यमको नियमन सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले। |
| १७. | दफा ४० को उपदफा (२) | (२) अनलाइन माध्यमको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | अनलाइन माध्यमको प्रयोग सम्बन्धमा थप व्यवस्था गर्न | अनलाइन माध्यमको प्रयोग सम्बन्धमा थप व्यवस्था हुने। |
| १८. | दफा ४२ | प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यमलाई प्रदेश सरकारले तोकिएबमोजिम पुरस्कृत गर्न सक्नेछ। | प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यमलाई पुरस्कार सम्बन्धमा व्यवस्था गर्न | प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यमलाई पुरस्कार सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले। |
| १९. | दफा ४३ | लोक कल्याणकारी विज्ञापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ। | लोक कल्याणकारी विज्ञापन सम्बन्धमा थप व्यवस्था गर्न | लोक कल्याणकारी विज्ञापन सम्बन्धमा थप व्यवस्था हुने |
| २०. | दफा ४४ | महिला, दलित, आदिवासी जनजाति, थारु, मुस्लिम, मधेशी, पिछडावर्ग, सीमान्तकृत समुदाय, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिबाट सञ्चालित वा सामुदायिक वा सहकारीको स्वामित्वमा सञ्चालित आमसञ्चार माध्यमलाई प्रदेश सरकारले तोकिए बमोजिम विशेष सहुलियत दिने व्यवस्था गर्न सक्नेछ। | विशेष सुविधाका सम्बन्धमा थप व्यवस्था गर्न | विशेष सुविधाका सम्बन्धमा थप व्यवस्था हुने। |

हिरा सार्की
(मन्त्री)
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

# व्याख्यात्मक टिप्पणी

| क्र.सं. | दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १. | १ | संक्षिप्त नाम र प्रारम्भ | ▪ ऐनको नाम "सुदूरपश्चिम प्रदेश आमसञ्चार ऐन, २०८२" राखिएको छ।<br>▪ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ। |
| २. | २ | पारिभाषा | ऐनमा प्रयोग भएका प्रमुख शब्दावलीहरुको स्पष्ट परिभाषा दिनु कानूनी स्पष्टता र निश्चितताका लागि अत्यावश्यक हुन्छ। यस ऐनमा अनलाइन सञ्चार माध्यम, आमसञ्चार, कार्यक्रम, केबुल, डाउनलिंक, पत्रकार, प्रसारण, फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली, भू–उपग्रह प्रसार केन्द्र (अर्थ स्टेशन), सञ्चार रजिष्ट्रार, स्याटेलाइट जस्ता विशिष्ट शब्दावलीहरुको प्रयोग भएकोले तिनीहरुको एकरुप बुझाइ सुनिश्चित गर्न, कानूनी विवाद न्यूनीकरण गर्न तथा ऐनको उद्देश्य र मनसाय स्पष्ट पार्न परिभाषाहरु समावेश गरिएका छन्। परिभाषित शब्दावलीले ऐनको कार्यान्वयनमा सहजता ल्याउनुका साथै कानूनी व्याख्या र प्रयोगमा एकरुपता कायम गर्न मद्दत पुऱ्याउँछ। |
| ३. | ३ | समितिको गठन | सञ्चार माध्यम र आम नागरिकबीच सु-सम्बन्ध कायम गर्न एक सञ्चार समन्वय समितिको व्यवस्था गरिएको छ । |
| ४. | ४ | समितिको काम, कर्तव्य र अधिकार | आमसञ्चारसँग सम्बन्धित नीतिगत विषयमा प्रदेश सरकारलाई सुझाव दिन, आमसञ्चार क्षेत्रको विकासका लागि उपयुक्त वातावरण सृजना गर्न, पूर्ण प्रेस स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चारको हकको प्रवर्धन गर्न र सञ्चार समन्वय समितिको कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउने मद्दत गर्नेछ। |
| ५. | ५ | समितिको बैठक र निर्णय | समितिको बैठकको आयोजना, सूचना, अध्यक्षता, गणपूरक संख्या र निर्णय प्रक्रिया लगायतका विषयहरु स्पष्ट रुपमा निर्धारण गरिएको छ। यसले समितिको काम कारबाही व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन मद्दत गर्नेछ। |
| ६. | ६ | सञ्चार रजिष्ट्रार | सञ्चार रजिष्ट्रार रहने व्यवस्था गरिएको छ। यसबाट प्रदेशको आमसञ्चार माध्यमको व्यवस्थापन कार्य सहज र प्रभावकारी हुनेछ। |
| ७. | ७ | सञ्चार रजिष्ट्रारको योग्यता | यसमा पत्रकारिता वा आमसञ्चार वा अन्य कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र पत्रकारिता वा आमसञ्चार क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको अनुभव व्यवस्था गरिएको छ। यो प्रावधानले सञ्चार रजिष्ट्रार उच्च योग्यता, दक्षता र अनुभव भएका विशेषज्ञहरुको नियुक्ति सुनिश्चित गर्दछ, आमसञ्चार क्षेत्रको नियमन तथा अनुगमन गर्न र उद्देश्य प्राप्तिमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। |
| ८. | ८ | पद मुक्त हुने अवस्था | सञ्चार रजिष्ट्रार पद मुक्त हुने अवस्थाहरु स्पष्ट रुपमा उल्लेख गरिएको छ। यस प्रावधानले पारदर्शिता र सुशासन प्रवर्धन गर्नेछ। |
| ९. | ९ | सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार | सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकारहरु विस्तृत रुपमा उल्लेख गरिएको छ। यसमा प्रदेशस्तरको आमसञ्चार संस्थाको सञ्चालन अनुमतिपत्र प्रदान गर्ने, नवीकरण गर्ने र नियमन गर्ने, एक सय भन्दा माथि एक हजार वाट सम्मको |

| | | | |
|---|---|---|---|
| | | | एफ.एम. रेडियो सञ्चालनको इजाजत दिने, नवीकरण गर्ने र नियमन गर्ने, छापासञ्चार, अनलाइन सञ्चारमाध्यम, रेडियो, सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने, आमसञ्चार माध्यमका विषयमा नागरिकबाट प्राप्त गुनासोको सुनुवाइ गर्ने जस्ता विषयहरु समावेश गरिएका छन्। यसले प्रदेशमा आमसञ्चार माध्यमको व्यवस्थापन गर्न प्रभावकारी नेतृत्व र मार्गदर्शन प्रदान गर्नेछ। साथै जवाफदेहिता र पारदर्शिता प्रवर्धन गर्न समेत मद्दत पुग्नेछ। |
| १०. | १० | सञ्चार रजिष्ट्रारको कार्यालय | सञ्चार रजिष्ट्रारको प्रत्यक्ष नेतृत्व, नियन्त्रण र निर्देशनमा काम कारवाही प्रभावकारी ढङ्गले सम्पादन गर्न प्रदेशको सञ्चार हेर्ने मन्त्रालय मातहत रहने गरी सञ्चार रजिष्ट्रारको कार्यालयको व्यवस्था गरिएको छ। |
| ११. | ११ | आमसञ्चार माध्यमको काम कर्तव्य र अधिकार | तटस्थ र निष्पक्ष भई समाचारको सम्पादन, प्रकाशन वा प्रसारण गर्ने, सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका समाचार, लेख, रचना, सामाग्रीको प्रकाशन वा प्रसारण नगर्ने, विवादास्पद विषयमा प्रसारण गर्नु परेमा सबै दृष्टिकोणबाट विश्लेषण गरी यथार्थ वस्तुस्थिति र घटनाको सम्बन्धमा प्रकाशन वा प्रसारण गर्ने, गलत तथा भ्रामक समाचारको सङ्कलन तथा प्रकाशन वा प्रसारण नगर्ने जस्ता विषयहरु आमसञ्चार माध्यमको काम, कर्तव्य र अधिकारका रुपमा समावेश गरिएका छन्। यसले आमसञ्चार माध्यमलाई जिम्मेवार र जवाफदेही बनाउन मद्दत हुनेछ। |
| १२. | १२ | निशुल्क वा सहुलियत दरमा प्रकाशन वा प्रसारण गर्नु पर्ने | विपद्को समयमा मन्त्रालय वा स्थानीय तहबाट वा कार्यालयबाट सर्वसाधारणको हित वा जानकारीको लागि प्रवाह गरिने सूचना वा विज्ञापन आमसञ्चार माध्यमले निःशुल्क वा सहुलियत दरमा प्रकाशन वा प्रसारण गर्नु पर्ने व्यवस्था गरिएको छ। यो प्रावधानले आमसञ्चार माध्यमलाई जिम्मेवार बनाउन मद्दत पुग्नेछ। |
| १३. | १३ | दर्ता गर्नु पर्ने | यो व्यवस्थाले पत्रपत्रिकाको प्रकाशनमा एकरुपता कायम गर्न मद्दत गर्नेछ। |
| १४. | १४ | पत्रपत्रिकाको न्यूनतम पृष्ठ संख्या र उल्लेख गर्नु पर्ने विषय | पत्रपत्रिकाको न्यूनतम पृष्ठ संख्या तोक्ने व्यवस्थाले पत्रपत्रिकाको मापदण्डमा एकरुपता कायम गर्न मद्दत पुग्नेछ। |
| १५. | १५ | पत्रपत्रिकाको वर्गीकरण | पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने कार्यलाई यो व्यवस्थाले सरल र सहज बनाउनेछ। |
| १६. | १६ | पत्रपत्रिका खारेज वा प्रकाशन प्रसारण सामाग्री जफत नगरिने | पत्रपत्रिकामा प्रकाशित प्रसारण सामाग्री निष्पक्ष र गुणस्तरीयता कायम गर्न मद्दत पुग्नेछ। |
| १७. | १७ | इजाजतपत्र लिनु पर्ने | प्रदेशमा सञ्चालित आमसञ्चार माध्यमलाई जवाफदेहि बनाउन यो व्यवस्था गरिएको छ। |
| १८. | १८ | इजाजतपत्रको अवधि | इजाजतपत्रको नियमन गर्न र आम सञ्चार माध्यम सञ्चालनलाई सहज |

| | | | |
|---|---|---|---|
| | | र नवीकरण | बनाउनेछ। |
| १९. | १९ | फ्रिक्वेन्सी सिफारिस सम्बन्धी व्यवस्था | फ्रिक्वेन्सी सिफारिस कार्यलाई सहज र प्रभावकारी बनाउन यो व्यवस्था गरिएको छ। |
| २०. | २० | प्रसारण माध्यमको वर्गीकरण र प्रसारणको लागि अपनाउनु पर्ने प्रक्रिया | प्रसारण माध्यमको वर्गीकरणले आमसञ्चार माध्यमको नियमन र सञ्चालनमा मद्दत पुग्नेछ। |
| २१. | २१ | अनलाइन सञ्चार माध्यमको दर्ता | अनलाइन सञ्चार माध्यमको अभिलेखिकरण र नियमन गर्न सहज हुनेछ। |
| २२. | २२ | विवरण राख्नु पर्ने | अनलाइन सञ्चार माध्यमलाई जवाफदेहि बनाउन सकिनेछ |
| २३. | २३ | विज्ञापन गर्न सकिने | विज्ञापन गर्न सकिने विषयका सम्बन्धमा व्यवस्थित गर्न मद्दत पुग्नेछ। |
| २४. | २४ | विज्ञापन गर्न नहुने | विज्ञापन गर्न नहुने विषयका सम्बन्धमा उल्लेख गरिएको छ। यो प्रावधानले आमसञ्चार माध्यमलाई मर्यादित र व्यवस्थित बनाउन सकिनेछ। |
| २५. | २५ | सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन | सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन सम्बन्धी व्यवस्थाले आम सञ्चारको माध्यमलाई अनुशासित तथा मर्यादित बनाई सुशासन कायम गर्न मद्दत हुनेछ। |
| २६. | २६ | पारिश्रमिक तथा सुविधा | श्रमजीवी पत्रकारको पारिश्रमिक तथा सुविधामा एकरुपता कायम हुन जानेछ। |
| २७. | २७ | सेवा शर्त सम्बन्धी व्यवस्था | श्रमजीवी पत्रकारको अधिकार सुनिश्चित गर्न मद्दत पुग्नेछ। |
| २८. | २८ | सुविधा रोक्का गर्न सक्ने | आमसञ्चार माध्यमलाई अनुशासित र मर्यादित बनाउन मद्दत पुग्नेछ। |
| २९. | २९ | श्रमजीवी पत्रकार सम्बन्धी अन्य व्यवस्था | श्रमजीवी पत्रकारको हक हित संरक्षणमा सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ। |
| ३०. | ३० | आचारसंहिता सम्बन्धी व्यवस्था | आमसञ्चार माध्यमलाई अनुशासित र मर्यादित बनाउन यो व्यवस्था गरिएको छ। |
| ३१. | ३१ | लगानी सम्बन्धी व्यवस्था | कुनै पनि व्यक्ति, समूह वा संस्थाले आमसञ्चार सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण गर्न वा इजाजत लिने निवेदन साथ सम्बन्धित आमसञ्चार माध्यममा गरिने लगानीको श्रोत खुलाउनु पर्ने व्यवस्था गरिएको छ। यो प्रावधानले भ्रष्टाचार नियन्त्रण गर्न र पारदर्शिता कायम गर्न मद्दत हुन जानेछ। |
| ३२. | ३२ | आमसञ्चार माध्यमको स्वामित्व हस्तान्तरण | आमसञ्चार माध्यमको अभिलेखिकरण गर्न मद्दत पुग्नेछ। |
| ३३. | ३३ | आमसञ्चार माध्यम प्रारम्भ तथा बन्द | आमसञ्चार माध्यमले प्रकाशन तथा प्रसारण प्रारम्भ तथा बन्द भएको जानकारीले आमसञ्चार माध्यमको अभिलेखिकरण तथा नियमन गर्ने कार्य सहज हुनेछ। |

| | | | |
|---|---|---|---|
| | | भएको जानकारी दिनु पर्ने | |
| ३४. | ३४ | प्रकाशन तथा प्रसारण गर्न नहुने | आमसञ्चारको माध्यमबाट प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामग्रीको उत्पादन र प्रसारण गर्न नहुने विषयको व्यवस्था गरेको छ। आमसञ्चार माध्यमलाई मर्यादित र जिम्मेवार बनाउन सहज हुनेछ। |
| ३५. | ३५ | दण्ड सजाय | ऐनको प्रभावकारी कार्यान्वयन र पालना गर्न गराउन तथा कानूनको उल्लङ्घन गर्नेलाई सजायको व्यवस्था गरेको छ। |
| ३६. | ३६ | सफाईको मौका दिनु पर्ने | यो ऐन बमोजिम कारबाही वा जरिबाना गर्नु अघि मनासिब सफाइको मौका दिने व्यवस्था गरिएको छ। यो प्रावधानले निष्पक्ष र न्यायपूर्ण निर्णय गर्न मद्दत पुग्नेछ। |
| ३७. | ३७ | मुद्दा हेर्ने अधिकारी | कसुर र सजायको प्रकृति हेरी शुरु कारबाही र किनारा गर्ने र पुनरावेदन सम्बन्धी अधिकार तोक्न मद्दत हुनेछ। |
| ३८. | ३८ | पुनरावेदन | पुनरावेदन सम्बन्धी अधिकार तोक्न यो व्यवस्था गरिएको छ। |
| ३९. | ३९ | अभिलेखीकरण गराउनु पर्ने | आमसञ्चारका माध्यमको अभिलेखीकरण व्यवस्थित गर्न मद्दत पुग्नेछ। |
| ४०. | ४० | अनलाइन माध्यमको प्रयोग | आमसञ्चार माध्यमको दर्ता, इजाजत तथा नवीकरण गर्न सरल र सहज बनाउन मद्दत हुनेछ। |
| ४१. | ४१ | निर्देशन दिन सक्ने | प्रदेश सरकारले सञ्चार रजिष्ट्रारलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ। यस प्रावधानले जवाफदेही र पारदर्शिता कायम गर्न मद्दत पुग्नेछ। |
| ४२. | ४२ | पुरस्कार प्रदान गर्न सकिने | क्रियाशील पत्रकार र सञ्चार माध्यमलाई जिम्मेवार र नागरिक प्रति जवाफदेही बनाई कामप्रति उत्प्रेरणा र प्रोत्साहन गर्न सघाउ पुग्नेछ। |
| ४३. | ४३ | लोक कल्याणकारी विज्ञापन सम्बन्धी व्यवस्था | लोक कल्याणकारी विज्ञापन सम्बन्धी काम कारबाहीलाई प्रवर्धन गर्नेछ। |
| ४४. | ४४ | विशेष सहुलियत दिन सकिने | महिला, दलित, आदिवासी जनजाति, थारु, मुस्लिम, मधेशी, पिछडावर्ग, सीमान्तकृत समुदाय, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिबाट सञ्चालित वा सामुदायिक वा सहकारीको स्वामित्वमा सञ्चालित आमसञ्चार माध्यमलाई प्रोत्साहन र प्रवर्धन गर्न यो प्रावधान राखिएको छ। |
| ४५. | ४५ | अधिकार प्रत्यायोजन | यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने काम कारबाही छिटो र प्रभावकारी रुपमा सम्पादन गर्न र निर्णय लिने तह घटाउन अधिकार प्रत्यायोजनको व्यवस्था राखिएको छ। यहि मान्यताको आधारमा सञ्चार रजिष्ट्रारले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार मातहतको अधिकृतस्तरको कर्मचारी वा कार्यालयलाई प्रत्यायोजन गर्न सक्ने प्रावधान राखिएको छ। |
| ४६. | ४६ | प्रचलित कानून बमोजिम हुने | यो ऐनमा लेखिएको विषयको हकमा यसै ऐन बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिमसमेत हुने सम्बन्धमा व्यवस्था गरिएको छ। |
| ४७. | ४७ | नियम, निर्देशिका, | ऐनमा अधीनमा रही प्रत्यायोजित व्यवस्थापनको सिद्धान्त अनुसार निश्चित सीमा र |

| | | | |
|---|---|---|---|
| | | कार्यविधि तथा मापदण्ड बनाउने अधिकार | दायरा अन्तर्गत रही ऐनको कार्यान्वयन गर्न नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने व्यवस्था गरिएको छ। |
| ४८. | ४८ | ऐन कार्यान्वयन मापन | ऐनको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन गरी ऐनको प्रभावकारीता थाहा पाउन। |
| ४९. | अनुसूची | अनुसूची | सञ्चार रजिष्ट्रारले कार्यभार सम्हाल्नु अघि मुख्यमन्त्री समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्ने व्यवस्था गरिएको छ। |

हिरा सार्की
(मन्त्री)
आन्तरिक मामिला तथा कानून मन्त्रालय

## सैद्धान्तिक अवधारणा

नेपालको संविधानको अनुसुची-६, प्रदेशको अधिकारको सूची अन्तर्गत क्र.सं. ३ मा रेडियो, एफ.एम, टिलिभिजन सञ्चालन, त्यस्तै अनुसूची-७, सङ्घ र प्रदेशको साझा अधिकारको सूचीको क्र.सं. १४ मा सञ्चार माध्यम सम्बन्धी विषय उल्लेख भएको छ। विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचना र सञ्चारको हकलाई संरक्षण गर्न, पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्न, आमसञ्चार माध्यमको संस्थागत क्षमता अभिवृद्धि गर्न, आमसञ्चार माध्यममा कार्यरत पत्रकार तथा जनशक्तिको हक हित प्रवर्धन गर्न, आमसञ्चार क्षेत्रको नियमन तथा अनुगमन गर्न, आमसञ्चार माध्यमलाई स्वतन्त्र, मर्यादित, जिम्मेवार र नागरिक प्रति जवाफदेही बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न "आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सुदूरपश्चिम प्रदेश सभामा पेस गर्न सुदूरपश्चिम प्रदेश सरकार मन्त्रिपरिषद्बाट मिति २०८२।१०।१४ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक प्रदेश सभामा पेस गर्नुपर्ने देखिन्छ।

हिरा सार्की
(मन्त्री)
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

## सुदूरपश्चिम प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचना र सञ्चारको हकलाई संरक्षण गर्न, पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्न, आमसञ्चार माध्यमको संस्थागत क्षमता अभिवृद्धि गर्न, आमसञ्चार माध्यममा कार्यरत पत्रकार तथा जनशक्तिको हक हित प्रवर्द्धन गर्न, आमसञ्चार क्षेत्रको नियमन तथा अनुगमन गर्न, आमसञ्चार माध्यमलाई स्वतन्त्र, मर्यादित, जिम्मेवार र नागरिक प्रति जवाफदेही बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश आमसञ्चार ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनलाइन सञ्चार माध्यम" भन्नाले आधिकारिक निकायमा दर्ता भई इन्टरनेटको प्रयोगबाट पत्रकारिता गरिने सञ्चार माध्यम सम्झनु पर्छ ।

(ख) "आमसञ्चार" भन्नाले समाचार, सूचना तथा सन्देश प्रकाशन तथा प्रसारण गर्न सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित छापा, विद्युतीय तथा अनलाइन सञ्चार माध्यम सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले श्रव्य, दृष्य वा विद्युतीय माध्यमबाट उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले दफा १० बमोजिमको सञ्चार रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।

(ङ) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू ग्राहक वा उपभोक्ता समक्ष पुऱ्याउने प्रविधि सम्झनु पर्छ।

(च) "डाउनलिंक" भन्नाले भू-उपग्रहबाट प्रसारण भएको तरङ्ग (सिग्नल) लाई पृथ्वीमा रहेको उपकरणले प्राप्त गर्नुलाई सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "पत्रकार" भन्नाले आमसञ्चार माध्यममा प्रकाशन वा प्रसारण हुने सामग्री सङ्कलन, लेखन वा सम्पादन, प्रसारण गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामेरामेन, समाचारवाचक, स्तम्भकार, कार्यक्रम उत्पादक, कार्यक्रम प्रस्तोता, व्यङ्ग्य चित्रकार र भाषा सम्पादकलाई समेत जनाउँछ ।

(झ) "प्रदेश सरकार" भन्नाले सुदूरपश्चिम प्रदेश सरकार सम्झनु पर्छ।

(ञ) "प्रसारण" भन्नाले इसारा, आवाज, आकृति, तस्विर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने सञ्चार सेवा सम्झनु पर्छ ।

(ट) "प्रसारण संस्था" भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति, सङ्गठित संस्था वा सरकारी निकाय सम्झनु पर्छ ।

(ठ) "फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली" भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो वा टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनु पर्छ ।

(ड) "भू–उपग्रह प्रसार केन्द्र (अर्थ स्टेशन)" भन्नाले स्याटेलाईट मार्फत प्रसारण कार्यक्रम आदान प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्र (स्टेशन) सम्झनु पर्छ ।

(ढ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको सञ्चार क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ण) "सञ्चार रजिष्ट्रार" भन्नाले दफा ६ बमोजिम नियुक्त सञ्चार रजिष्ट्रार सम्झनु पर्छ।

(त) "सञ्चालक" भन्नाले आमसञ्चार माध्यम सञ्चालन गर्न प्रमाणपत्र पाएको व्यक्ति वा सञ्चालक समिति वा समितिमा रहेका पदाधिकारी सम्झनु पर्छ।

(थ) "सम्पादक" भन्नाले आमसञ्चार संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनु पर्छ ।

(द) "समिति" भन्नाले दफा ३ बमोजिम गठित सञ्चार समन्वय समिति सम्झनु पर्छ।

(ध) "स्याटेलाइट" भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित भू–उपग्रह सम्झनु पर्छ ।

परिच्छेद-२

## समितिको गठन, काम, कर्तव्य र अधिकार

३. **समितिको गठनः** (१) आमसञ्चारसँग सम्बन्धित नीतिगत विषयमा प्रदेश सरकारलाई सुझाव दिन, सञ्चार माध्यम र आम नागरिकबीच सु-सम्बन्ध कायम गर्न एक सञ्चार समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सुदूरपश्चिम प्रदेश सरकारको सञ्चार हेर्ने मन्त्री -अध्यक्ष

(ख) सचिव (सञ्चार हेर्ने), मन्त्रालय -सदस्य

(ग) अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सुदूरपश्चिम प्रदेश समिति -सदस्य

(घ) आमसञ्चार, पत्रकारिता वा अन्य कुनै विषयमा स्नातक तह उर्तिण गरी कम्तिमा पाँच वर्ष रेडियो, टेलिभिजन, छापा वा अनलाइन आमसञ्चार संस्थामा निरन्तर कार्यरत पत्रकार, विश्वविद्यालय तहमा आमसञ्चार वा पत्रकारिता विषय अध्यापन गराउने अध्यापक, स्नातक तह उर्तिण गरी कम्तिमा पाँच वर्षदेखि आमसञ्चार माध्यमको सञ्चालन गरिरहेका सञ्चालकमध्येबाट मन्त्रालयबाट मनोनीत एक जना महिला सहित तीन जना -सदस्य

(ङ) सञ्चार रजिष्ट्रार -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) अन्तर्गत मनोनीत सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आमसञ्चारसँग सम्बन्धित नीतिगत तथा कानूनी विषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(ख) आमसञ्चार क्षेत्रको विकासका लागि उपयुक्त वातावरण सृजना गर्ने,

(ग) पूर्ण प्रेस स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चारको हकको प्रवर्धन गर्ने,

(घ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

५. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ । तर अध्यक्षले चाहेमा समितिको बैठक जुनसुकै समयमा बस्न सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकमा कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद-३

## सञ्चार रजिष्ट्रार सम्बन्धी व्यवस्था

६. **सञ्चार रजिष्ट्रारः** (१) प्रदेशमा आमसञ्चार माध्यमको व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि प्रदेश सरकारले एक जना सञ्चार रजिष्ट्रार नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सञ्चार रजिष्ट्रारको नियुक्तिको लागि प्रदेश सरकारको सञ्चार सम्बन्धी विषय हेर्ने मन्त्रीको संयोजकत्वमा मन्त्रालयले तोकेको आमसञ्चार क्षेत्रको विज्ञ र मन्त्रालयको सचिव रहने तीन सदस्यीय छनौट समितिको गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले कार्यविधि बनाई प्रतिस्पर्धाको आधारमा सञ्चार रजिष्ट्रारको नियुक्तिका लागि बढीमा तीन जना व्यक्तिको नाम प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका मध्येबाट प्रदेश सरकारले एक जनालाई सञ्चार रजिष्ट्रारको पदमा नियुक्त गर्नेछ।

(५) उपदफा (४) बमोजिम नियुक्त सञ्चार रजिष्ट्रारले कार्यभार सम्हाल्नु अघि मुख्यमन्त्री समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम नियुक्त सञ्चार रजिष्ट्रारले प्रदेश सरकारको दशौं तहको कर्मचारीले पाउने सुरु तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ ।

(७) सञ्चार रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति गरिने छैन।

(८) उपदफा (१) बमोजिम सञ्चार रजिष्ट्रार नियुक्त नभएसम्मको लागि प्रदेश सरकारले मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुखलाई सञ्चार रजिष्ट्रारको रुपमा काम काज गर्न तोक्न सक्नेछ।

(९) सञ्चार रजिष्ट्रार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **सञ्चार रजिष्ट्रारको योग्यताः** सञ्चार रजिष्ट्रारको पदमा नियुक्ति हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) साठी वर्ष ननाघेको,

(ग) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नभएको,

(घ) मान्यता प्राप्त विश्वविद्यालयबाट पत्रकारिता वा आमसञ्चार वा अन्य कुनै विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको,

(ङ) पत्रकारिता वा आमसञ्चार क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको,

(च) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको ।

८. <u>**पद मुक्त हुने अवस्था**</u>: (१) देहायको अवस्थामा सञ्चार रजिष्ट्रार पदमुक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) निजको उमेर साठी वर्ष पूरा भएमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा अशक्त भई कार्यसम्पादन गर्न असमर्थ रहेको भनी सञ्चार क्षेत्र हेर्ने मन्त्रालयबाट गठित विज्ञ सम्मिलित तोकिए बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गरेमा,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगबाट कसुरदार ठहरिएमा, ,

(ज) विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र लिएमा,

(झ) प्रचलित कानूनले अयोग्य ठहरिएमा।

९. <u>**सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः**</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आमसञ्चार क्षेत्रको विकासका लागि मन्त्रालय समक्ष वार्षिक कार्यक्रम प्रस्ताव गर्ने,

(ख) प्रदेशस्तरको आमसञ्चार संस्थाको सञ्चालन अनुमतिपत्र प्रदान गर्ने, नवीकरण गर्ने र नियमन गर्ने,

(ग) एक सय भन्दा माथि एक हजार वाट सम्मको एफ.एम. रेडियो सञ्चालनको इजाजत दिने, नवीकरण गर्ने र नियमन गर्ने,

(घ) छापासञ्चार, अनलाइन सञ्चारमाध्यम, रेडियो, सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,

(ङ) एफ. एम. रेडियो फ्रिक्वेन्सी सम्बन्धी योजना निर्माण गरी मन्त्रालय समक्ष पेस गर्ने,

(च) आमसञ्चार प्रविधिको प्रयोग र प्रवर्धनका लागि आवश्यक कार्य गर्ने,

(छ) आमसञ्चार माध्यमका विषयमा नागरिकबाट प्राप्त गुनासोको सुनुवाइ गर्ने,

(ज) आमसञ्चार गतिविधि सम्बन्धी अध्ययन, अनुसन्धान र मूल्याङ्कन गर्ने, गराउने,

(झ) श्रमजीवी पत्रकार र आमसञ्चार माध्यमको व्यवस्थापकका बीच सेवा शर्त र सुविधा सम्बन्धमा देखिएका विवाद वार्ता वा मेलमिलाप जस्ता माध्यमबाट समाधान गर्न पहल गर्ने,

(ञ) आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र मन्त्रालय समक्ष पेस गर्ने,

(ट) आमसञ्चार माध्यमको वर्गीकरण गर्ने सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ठ) आमसञ्चार माध्यमलाई उपलब्ध गराउन सकिने सुविधाको विषयमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिमका आमसञ्चार क्षेत्रसँग सम्बन्धित कार्य गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१०. **<u>सञ्चार रजिष्ट्रारको कार्यालयः</u>** (१) सञ्चार रजिष्ट्रार कार्यालय प्रमुख रहने गरी, निजको काम कारवाहीलाई सहजीकरण गर्नको लागि र निजको सचिवालयको रुपमा काम कारवाही गर्ने गरी प्रदेशको सञ्चार हेर्ने मन्त्रालय मातहत रहने गरी एक सञ्चार रजिष्ट्रारको कार्यालय रहनेछ।

(२) कार्यालयले सञ्चार रजिष्ट्रारको प्रत्यक्ष नेतृत्व, नियन्त्रण र निर्देशनमा काम कारवाही गर्नेछ ।

(३) कार्यालयको आफ्नो छुट्टै छाप हुनेछ ।

(४) कार्यालयमा आवश्यक कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ ।

## परिच्छेद-४

## <u>आमसञ्चार माध्यमको काम, कर्तव्य र अधिकार</u>

११. **<u>आमसञ्चार माध्यमको काम कर्तव्य र अधिकारः</u>** आमसञ्चार माध्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) तटस्थ र निष्पक्ष भई समाचारको सम्पादन, प्रकाशन वा प्रसारण गर्ने,

(ख) सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका समाचार, लेख, रचना, सामाग्रीको प्रकाशन वा प्रसारण नगर्ने,

(ग) विवादास्पद विषयमा प्रसारण गर्नु परेमा सबै दृष्टिकोणबाट विश्लेषण गरी यथार्थ वस्तुस्थिति र घटनाको सम्बन्धमा प्रकाशन वा प्रसारण गर्ने,

(घ) गलत तथा भ्रामक समाचारको सङ्कलन तथा प्रकाशन वा प्रसारण नगर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१२. **<u>निशुल्क वा सहुलियत दरमा प्रकाशन वा प्रसारण गर्नु पर्नेः</u>** विपद्को समयमा मन्त्रालय वा स्थानीय तहबाट वा कार्यालयबाट सर्वसाधारणको हित वा जानकारीको लागि प्रवाह गरिने सूचना

वा विज्ञापन आमसञ्चार माध्यमले निःशुल्क वा सहुलियत दरमा प्रकाशन वा प्रसारण गर्नु पर्नेछ।

परिच्छेद-५

**पत्रपत्रिका सम्बन्धी व्यवस्था**

१३. **दर्ता गर्नु पर्नेः** (१) सार्वजनिक रुपमा बिक्रीवितरण हुने पत्रपत्रिका प्रदेशभित्र प्रकाशन गर्न चाहने व्यक्तिले पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठसङ्ख्या, छापिने सङ्ख्या र प्रकाशन गरिने स्थान समेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका कार्यालय वा स्वामित्व भएको सङ्गठित संस्था, विश्वविद्यालय, शिक्षण संस्था, प्रचलित कानून बमोजिम स्थापित सङ्घ संस्था वा कुनै राजनैतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफा बमोजिम दर्ता गराउनु आवश्यक पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि कार्यालयले सो निवेदन उपर आवश्यक छानविन गरी ३५ दिनभित्र निवदेकलाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न तोकिए बमोजिम दर्ता प्रमाणपत्र दिनेछ ।

तर निवेदनमा उल्लिखित पत्रपत्रिकाको नामसँग मिल्नेगरी अर्को कुनै पत्रपत्रिका दर्ता भैसकेको वा दर्ता अनुमति लिई सकेको रहेछ भने निवेदकलाई त्यस्तो नामबाट दर्ता प्रमाणपत्र दिइने छैन ।

(३) दर्ता प्रमाणपत्र दिन नमिल्ने उचित कारण भएमा कार्यालयले सो कुराको जानकारी सामान्यतया दरखास्त परेको एक महिनाभित्र निवेदकलाई दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रमाणपत्र दिएपछि कार्यालयले पत्रपत्रिका सम्बन्धी विवरण दर्ता किताबमा जनाई अभिलेख राख्नु पर्नेछ ।

(५) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नुपर्ने भएमा वा कुनै पत्रपत्रिका एक भन्दा बढी भाषामा प्रकाशन गर्नु परेमा वा एक जिल्लाबाट प्रकाशित भइरहेको पत्रपत्रिका अन्य

जिल्ला वा एक भन्दा बढी जिल्लाबाट प्रकाशित गर्नु पर्ने भएमा उपदफा (१) बमोजिम कार्यालय समक्ष निवदेन दिई सोको समेत प्रमाणपत्र लिनु पर्नेछ ।

(६) उपदफा (५) मा लेखिए देखि बाहेक पत्रपत्रिका सम्बन्धी अन्य विवरणमा कुनै परिवर्तन गर्नु पर्ने भएमा स्वीकृतिको निमित्त त्यसको विवरण प्रकाशकले कार्यालयलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम विवरण प्राप्त हुनासाथ कार्यालयले उपदफा (५) बमोजिमको दर्ता किताबमा जनाई त्यसको स्वीकृति सम्बन्धित प्रकाशकलाई दिनु पर्नेछ ।

१४. **<u>पत्रपत्रिकाको न्यूनतम पृष्ठ संख्या र उल्लेख गर्नु पर्ने विषयः</u>** (१) यस ऐन बमोजिम दर्ता भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम पृष्ठ सङ्ख्या चार पेज हुनुपर्नेछ ।

(२) पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अङ्क तोकिए बमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

१५. **<u>पत्रपत्रिकाको वर्गीकरणः</u>** (१) पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिए बमोजिमको प्रक्रिया अपनाई वर्गीकरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा पत्रपत्रिका प्रकाशन संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, पत्रपत्रिकाको पहुँच क्षेत्र, प्रकाशनको नियमितता, श्रमजीवी पत्रकारका लागि प्रदान गरिएको सुविधा, सामाजिक सुरक्षाको व्यवस्था र तोकिएका अन्य आधारमा वर्गीकरण गरिनेछ ।

१६. **<u>पत्रपत्रिका खारेज वा प्रकाशन प्रसारण सामाग्री जफत नगरिनेः</u>** पत्रपत्रिकामा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशन गरे बापत त्यस्तो पत्रपत्रिकाको दर्ता खारेज वा प्रकाशन प्रसारण सामाग्री जफत गरिने छैन।

तर यस दफामा लेखिएको कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, संघीय इकाइबीचको सु–सम्बन्ध वा विभिन्न जात, जातिधर्म वा सम्प्रदाय बीचको सु–सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउन बाधा पर्ने छैन ।

परिच्छेद-६

## **प्रसारण माध्यम सम्बन्धी व्यवस्था**

१७. **इजाजतपत्र लिनु पर्ने:** (१) प्रसारक संस्थाले यस ऐन बमोजिम इजाजतपत्र नलिई कार्यक्रम प्रसारण, सिग्नल वितरण, भू–उपग्रह प्रसारण केन्द्रको स्थापना र प्रसारण नेटवर्क मार्फत कार्यक्रम प्रसारण तथा डाउनलिङ्क गर्न हुँदैन ।

(२) प्रदेशभित्रको कुनै ठाउँमा केबुलमा आधारित टेलिभिजन वा अन्य प्रसारण माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न वा एक हजार वाटसम्मको फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले तोकिएको दस्तुर सहित कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी मनासिब देखिएमा कार्यालयले तोकिएका शर्त पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न वा फ्रिक्वेन्सी मोडुलेसन स्थापना गर्न सिफारिस गर्नेछ ।

(४) कुनै प्रसारक संस्थाले स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू–उपग्रह प्रसारण केन्द्र स्थापना गरी वा नेटवर्क मार्फत कुनै कार्यक्रम प्रदेशको जुनसुकै भूभागमा प्रसारण गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ। यसरी प्राप्त निवेदन उपर नेपाल सरकारको सञ्चार क्षेत्र हेर्ने मन्त्रालयसँगको समन्वयमा अनुमति दिन सकिनेछ ।

१८. **इजाजतपत्रको अवधि र नवीकरण:** (१) इजाजतपत्र बहाल रहने अवधि एक आर्थिक वर्षको हुनेछ।

(२) इजाजतपत्र प्राप्त संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र तोकिएको नवीकरण दस्तुर तथा प्रसारण शुल्क सहित कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नगराउने संस्थासँग तोकिए बमोजिमको जरिबाना लिई नवीकरण गरिनेछ।

(४) इजाजत पत्र, नवीकरण दस्तुर, प्रसारण शुल्क तथा जरिबाना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **फ्रिक्वेन्सी सिफारिस सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारबाट रेडियोलाई फ्रिक्वेन्सी उपलब्ध हुनेछ।

(२) एक व्यक्ति, संस्था वा सञ्चालकलाई एक भन्दा बढी प्रसारण माध्यमका लागि फ्रिक्वेन्सी सिफारिस गरिने छैन।

२०. **प्रसारण माध्यमको वर्गीकरण र प्रसारणको लागि अपनाउनु पर्ने प्रक्रियाः** (१) प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसार र निजी एवं व्यापारिक प्रसारक संस्थाको रुपमा वर्गीकरण गर्न सकिनेछ।

(२) समाचार वा सूचनामूलक कार्यक्रम प्रसारण गर्ने संस्थाले तोकिएको योग्यता पुगेको सम्पादक नियुक्त गरी सम्पादकीय स्वतन्त्रताको संरक्षण गर्नुपर्नेछ ।

(३) प्रसारण संस्थाले नेटवर्क मार्फत कुनै श्रव्य, श्रव्यदृश्य वा प्रकाशन तथा प्रसारण गर्नुपर्ने भए पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण र निजी एवम् व्यापारिक प्रसारणको नियमन र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## अनलाइन सञ्चार माध्यम सम्बन्धी व्यवस्था

२१. **अनलाइन सञ्चार माध्यमको दर्ताः** (१) कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी अनलाइन सञ्चार माध्यम सञ्चालन गर्नु हुँदैन।

(२) अनलाइन सञ्चार माध्यम सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको विवरण र दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदनका आधारमा दर्ता गर्न रीत पुगेमा कार्यालयले त्यस्तो अनलाइन सञ्चार माध्यम दर्ता गरी अनलाइन पत्रकारिता र अन्य डिजिटल मिडिया गरी प्रकृति खुलाई दर्ता प्रमाण पत्र प्रदान गर्नेछ ।

(४) सरकारी वा निजी छापा वा विद्युतीय सञ्चार माध्यमले अनलाइन सञ्चार माध्यम समेत सञ्चालन गर्न चाहेमा यस दफा बमोजिम दर्ता गराउनु पर्नेछ ।

(५) यस दफा बमोजिम दर्ता भएका अनलाइन सञ्चार माध्यमले तोकिए बमोजिम प्रत्येक बर्ष नवीकरण गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम अनलाइन सञ्चार माध्यम दर्ता गर्दा र नविकरण गर्दा कार्यरत जनशक्तिको तहगत विवरण र तोकिएको पारिश्रमिक र सेवाका अन्य शर्त लागू भएको विवरण कार्यालय समक्ष पेस गर्नु पर्नेछ ।

(७) अनलाइन सञ्चार माध्यमको दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **विवरण राख्नु पर्नेः** अनलाइन सञ्चार माध्यमले देहायका विवरण आफ्नो वेवसाइटको गृहपृष्ठमा वा अन्य डिजिटल मिडिया भए सुरुवातमानै प्रष्ट खुल्ने गरी राख्नु पर्नेछः–

(क) सञ्चार रजिष्ट्रारको कार्यालयबाट प्राप्त दर्ता वा अभिलेखीकरण नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना, सम्पर्क फोन नम्बर,

(ख) सञ्चालक, सम्पादक र प्रस्तोताको नाम,

(ग) तोकिएका अन्य विषय ।

परिच्छेद-८

## विज्ञापन सम्बन्धी व्यवस्था

२३. **विज्ञापन गर्न सकिनेः** कसैले आफूले बिक्री वितरण गर्ने वस्तु वा सेवाको गुण वा विशेषता समेत उल्लेख गरी त्यस्ता वस्तु वा सेवाको प्रवर्धन गर्न वा उपभोक्ता समक्ष वस्तु वा सेवाको छनोटको जानकारी पुऱ्याउन वा आफूले आयोजना गरेको कुनै कार्यक्रम वा अवसरको बारेमा जानकारी दिन वा सार्वजनिक हितको लागि कुनै विषयमा जानकारी गराउन यस ऐन तथा प्रचलित कानूनको अधीनमा रही विज्ञापन गर्न वा गराउन सक्नेछ ।

२४. **विज्ञापन गर्न नहुनेः** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा विज्ञापन गर्न पाइने छैनः-

(क) अश्लिल सामग्री,

(ख) सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्री,

(ग) जनमानसमा अस्वाभाविक भय तथा आतङ्क पैदा गर्ने प्रकृतिका विषय,

(घ) नेपालको असंलग्न परराष्ट्र नीति विपरीतका कुरा,

(ङ) कुनै पनि जातजाति भाषा, धर्म, क्षेत्र, लिङ्ग र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्री,

(च) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने सुर्तीजन्य, धुम्रपान तथा मदिराजन्य पदार्थको प्रचारात्मक सामग्री,

(छ) प्रचलित नेपाल कानूनले उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न निषेध गरेका कुनै वस्तु, पदार्थ वा सेवाको उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा,

(ज) जुवा खेल्न खेलाउन वा प्रचलित कानून बमोजिम अनुमति नलिएको चिठ्ठा किन्न किनाउन प्रोत्साहन गर्ने विषयमा,

(झ) प्रचलित कानून बमोजिम अश्लिल मानिने विषय वा तत्सम्बन्धी अन्य विषय, वस्तु वा सेवाको उपयोग वा प्रयोग गर्न वा प्रवर्धन गर्न प्रोत्साहन गर्ने विषयमा,

(ञ) हतियार वा विष्फोटक पदार्थ वा नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खतरा उत्पन्न गर्न सक्ने अन्य यस्तै वस्तु वा पदार्थको उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा,

(ट) चिकित्सकको सिफारिसमा मात्र बिक्री गरिने औषधिको विषयमा,

(ठ) नेपालमा बिक्री, वितरण वा प्रयोगको लागि प्रचलित कानून बमोजिम अनुमति लिनु पर्नेमा त्यस्तो अनुमति प्राप्त भइनसकेको वस्तु वा सेवाको विषयमा,

(ड) प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका विषयमा,

(ढ) विद्यालय तथा विश्वविद्यालयको पाठ्यपुस्तकमा,
तर शैक्षिक जानकारी दिने विषय उल्लेख गर्न बाधा पर्ने छैन ।

(ण) अन्धविश्वासलाई प्रोत्साहन हुने विषयमा,

(त) स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पार्ने विषयमा,

(थ) स्वदेशी वा अन्य कुनै उत्पादनलाई हतोत्साहित र निरुत्साहित गर्ने विषयमा,

(द) ट्रेडमार्क, पेटेण्ट, डिजाइन लगायतका औद्योगिक सम्पत्तिको हकवालाको अनुमति वा स्वीकृति बिना विज्ञापन गर्ने विषयमा,

(ध) प्रचलित कानूनबमोजिम गोप्य रहनुपर्ने विषयमा ।

(२) कुनै विज्ञापन गर्दा गलत सूचना प्रवाह भई कसैलाई क्षति पुग्न गएमा सो को क्षतिपूर्ति सम्बन्धित विज्ञापनकर्ताले पीडितलाई उपलब्ध गराउनु पर्नेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "विज्ञापनकर्ता" भन्नाले विज्ञापनदाता, विज्ञापन उत्पादक, निर्माता, प्रकाशक र प्रसारण संस्था समेतलाई सम्झनुपर्छ ।

२५. **सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन:** (१) प्रचलित कानून बमोजिम प्रदेश सरकारबाट अनुमति प्राप्त गरी सञ्चालन भएका पत्रपत्रिका वा विद्युतीय सञ्चार माध्यमबाट हुने वा भएका विज्ञापनमा यस ऐन तथा प्रचलित कानून बमोजिमको मापदण्ड पूरा गरे नगरेको विषयको अनुगमन तथा नियमन गर्न एक विज्ञापन अनुगमन तथा नियमन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सचिव (सञ्चार हेर्ने मन्त्रालय) - अध्यक्ष

(ख) उपसचिव (कानून), कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ग) प्रदेशको उपभोक्ता हित संरक्षण निर्देशनालयको प्रमुख - सदस्य

(घ) विज्ञापन एजेन्सी वा विज्ञापन प्रकाशन वा प्रसारण गर्ने संघसंस्था मध्येबाट मन्त्रालयले मनोनयन गरेको संस्थाको एकजना प्रतिनिधि - सदस्य

(ङ) उपभोक्ता हक हितको क्षेत्रमा वा आमसञ्चार क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त व्यक्ति मध्येबाट मन्त्रालयबाट मनोनित एकजना प्रतिनिधि - सदस्य

(च) मन्त्रालयको सञ्चार क्षेत्र हेर्ने महाशाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम सदस्य मनोनीत गर्दा दुईमध्ये कम्तिमा एक जना महिला पर्ने गरी मनोनीत गर्नुपर्नेछ ।

(४) उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम मनोनीत सदस्यको कार्य सन्तोषजनक नदेखिएमा वा समितिको हित विपरित हुने काम गरेमा वा खराब आचरण भएमा वा कर्य सम्पादन नगरी निष्क्रिय भएमा पदावधि पूरा नहुँदै मन्त्रालयले त्यसको कारण खुलाई निजलाई पदमुक्त गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कुनै सदस्यलाई पद मुक्त गर्नुअघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(७) विज्ञापन अनुगमन तथा नियमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(८) विज्ञापन अनुगमन तथा नियमन समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(९) विज्ञापन अनुगमन तथा नियमन समितिको बैठकमा कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(१०) विज्ञापन अनुगमन तथा नियमन समितिको बैठकको निर्णय सर्वसम्मतिमा गरिनेछ । सर्वसम्मति हुन नसकेमा बहुमतबाट निर्णय गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(११) विज्ञापन अनुगमन तथा नियमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१२) विज्ञापनको अनुगमन तथा नियमन समितिको देहाय बमोजिम काम, कर्तव्य र अधिकार हुनेछः-

(क) नभए वा नगरेको कुराको भ्रम फैलाउने, उत्तेजना फैलाउने, अमर्यादित, भेदभावजन्य वा यस ऐन विपरीत गरिए वा नगरिएको अनुगमन गर्ने, गराउने,

(ख) प्रदेश सरकार, विज्ञापन एजेन्सी, विज्ञापनदाता, सञ्चार माध्यम तथा सरकारी निकायबीच समन्वय गर्ने,

(ग) प्रदेशको आवश्यकता अनुसार सार्वजनिक हित सम्बन्धी विज्ञापन निर्माण गरी प्रकाशन तथा प्रसारण गर्न प्रोत्साहन गर्ने,

(घ) उपभोक्ता सजगता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ङ) कसैले विज्ञापन गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा मापदण्डको पालना गरे नगरेको सम्बन्धमा अनुगमन गरी पालना नगरेको पाइएमा कारण उल्लेख गरी त्यस्तो विज्ञापन संशोधन गर्न, बन्द गर्न वा हटाउन आदेश दिने,

(च) अनुगमनका क्रममा कसैले विज्ञापन गर्दा यो ऐन बमोजिम कसूर हुने काम गरेको पाइएमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउने,

(छ) विज्ञापन उत्पादक, निर्माता, प्रकाशक, वितरक वा प्रसारकलाई आवश्यक निर्देशन दिने,

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद–९

## श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक सम्बन्धी व्यवस्था

२६. **पारिश्रमिक तथा सुविधाः** (१) आमसञ्चार संस्थाले श्रमजीवी पत्रकारलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक तथा सेवा सुविधा भन्दा कम नहुने गरी पारिश्रमिक दिनु पर्नेछ ।

(२) आमसञ्चार संस्थाले श्रमजीवी पत्रकारलाई उपदफा (१) बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा प्रदान गरे नगरेको सम्बन्धमा समय समयमा सञ्चार रजिष्ट्रारले अनुगमन गर्न सक्नेछ ।

(३) सञ्चार रजिष्ट्रारले उपदफा (२) बमोजिम अनुगमनको क्रममा उपदफा (१) बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराएको नदेखिएमा सो बमोजिमको सेवा सुविधा उपलब्ध गराउन आदेश दिन सक्नेछ र त्यस्तो संस्थालाई कार्यालयबाट दिईने सुविधा रोक्का गर्न वा प्रदेश सरकारबाट दिइने सुविधा रोक्का गर्नका लागि सम्बन्धित मन्त्रालय वा कार्यालयमा सिफारिस गर्न सक्नेछ ।

२७. **सेवा शर्त सम्बन्धी व्यवस्थाः** (१) आमसञ्चार संस्थाले आफ्नो संस्थाको श्रमजीवी पत्रकारको नियुक्ति, अवकाश, सेवाको शर्त तथा सुविधा समेतका विषय विनियमावलीमा समावेश गरी लागु गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भए नभएको सम्बन्धमा सञ्चार रजिष्ट्रारले अनुगमन गर्न सक्नेछ ।

(३) सञ्चार रजिष्ट्रारले उपदफा (२) बमोजिमको अनुगमनका क्रममा देहायका सबै वा केही विवरण माग गर्न सक्नेछ र माग भए बमोजिमको विवरण सम्बन्धित संस्थाले पेस गर्नु पर्नेछ।

(क) श्रमजीवी पत्रकारको दरबन्दी, नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय,

(ख) हाजिरी र बिदा सम्बन्धी,

(ग) न्यूनतम पारिश्रमिक तथा भत्ता,

(घ) वार्षिक तलब वृद्धि,

(ङ) उपचार खर्च तथा क्षतिपूर्ति सम्बन्धी,

(च) सामाजिक सुरक्षा कोष,

(छ) बिमा,

(ज) अन्य आवश्यक विषय ।

(४) आमसञ्चार संस्थाले श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक, सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली निर्माण गर्दाको न्यूनतम आधार नेपाल सरकार मातहत रहेको न्यूनतम पारिश्रमिक निर्धारण समितिले गरेको सिफारिस गरे बमोजिम हुनुपर्नेछ ।

२८. **सुविधा रोक्का गर्न सक्ने:** तोकिएको मापदण्ड पूरा नगर्ने आमसञ्चार माध्यमलाई प्रदेश सरकार वा मातहतका निकायबाट प्राप्त हुने सबै प्रकारका वा कुनै सुविधा रोक्का गर्न सकिनेछ ।

२९. **श्रमजीवी पत्रकार सम्बन्धी अन्य व्यवस्था:** श्रमजीवी पत्रकार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## आमसञ्चार सम्बन्धी अन्य व्यवस्था

३०. **आचारसंहिता सम्बन्धी व्यवस्थाः** (१) आमसञ्चार माध्यम र सञ्चारकर्मीले पत्रकार आचार संहिताको पूर्ण पालना गर्नु पर्नेछ ।

(२) आमसञ्चार माध्यमले प्रकाशन वा प्रसारण गरेको विषयले मर्का परेको भनी कुनै व्यक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको सुनुवाइ गर्नु सम्बन्धित आमसञ्चार संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम सुनुवाइ नभएमा वा सो उपर पीडित पक्षको चित्त नबुझेमा निजले एक्काइस दिन भित्र सञ्चार रजिष्ट्रार समक्ष उजुरी दिन सक्नेछ ।

३१. **लगानी सम्बन्धी व्यवस्थाः** कुनै पनि व्यक्ति, समूह वा संस्थाले आमसञ्चार सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण गर्न वा इजाजत लिने निवेदन साथ सम्बन्धित आमसञ्चार माध्यममा गरिने लगानीको श्रोत खुलाउनु पर्नेछ ।

३२. **आमसञ्चार माध्यमको स्वामित्व हस्तान्तरणः** यस ऐन बमोजिम अभिलेखीकरण भएको आमसञ्चार माध्यमको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्ति वा संस्थाले सात दिन भित्रमा सोको जानकारी तोकिएको ढाँचामा कार्यालयलाई दिनु पर्नेछ र कार्यालयले तत्सम्बन्धी विवरण दर्ता किताबमा अभिलेख गर्नु पर्नेछ।

३३. **आमसञ्चार माध्यम प्रारम्भ तथा बन्द भएको जानकारी दिनु पर्नेः** (१) आमसञ्चार माध्यमले प्रकाशन तथा प्रसारण प्रारम्भ भएको जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

(२) दर्ता भएका आमसञ्चार माध्यम कुनै कारणले सञ्चालन हुन नसकेमा वा सञ्चालन भई बन्द गर्नु परेमा सोको जानकारी तोकिए बमोजिम कार्यालयलाई दिनु पर्नेछ।

३४. **प्रकाशन तथा प्रसारण गर्न नहुनेः** कुनै पनि आमसञ्चारको माध्यमबाट देहायका विषयमा प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामग्रीको उत्पादन र प्रसारण गर्न हुँदैनः–

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियतामा आँच आउने,

(ख) विभिन्न जात, जाती, धर्म, क्षेत्र, भाषा, लिङ्ग वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने,

(ग) अदालतको अवहेलना गर्ने,

(घ) सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल हुने, श्रमप्रति अवहेलना गर्ने,

(ङ) जातीय छुवाछूत एवं लैंगिक भेदभाव गर्नलाई दुरुत्साहन गर्ने,

(च) श्रोत पुष्टि नभएका र अफवाह फैलाउने उद्देश्यले प्रेरित सामग्री।

परिच्छेद-११

## सजाय र पुनरावेदन

३५. **दण्ड सजायः** (१) कसैले दफा १२ बमोजिम दर्ता नगरी पत्रपत्रिका प्रकाशन गरेमा वा दफा १६ बमोजिम इजाजतपत्र नलिई कार्यक्रम प्रसारण, वितरण तथा डाउनलिङ्क गरेमा वा दफा २० बमोजिम दर्ता नगरी अनलाइन सञ्चार माध्यम सञ्चालन गरेमा त्यस्तो व्यक्तिलाई वा संस्थालाई वा संस्थाको कार्यकारी प्रमुखलाई कार्यालयले पन्ध्र दिनको समयावधि दिई पहिलो पटक सचेत गराउने र पुनः सोही प्रकृतिको कसूर दोहोऱ्याएमा इजाजतपत्र दस्तुर बापत लाग्ने दस्तुर बराबर रकम असूल उपर गरी सो बराबरको रकम जरिबाना हुनेछ ।

(२) कसैले दफा २३ विपरीत विज्ञापन गरेमा वा दफा ३४ विपरीत प्रकाशन तथा प्रसारण गरेमा प्रचलित कानून बमोजिम कारबाही र किनारा हुनेछ ।

३६. **सफाईको मौका दिनु पर्नेः** यस ऐन बमोजिम कारबाही र जरिबाना गर्नु अघि सफाईको मनासिब मौका दिनु पर्नेछ ।

३७. **मुद्दा हेर्ने अधिकारीः** दफा ३५ को उपदफा (१) बमोजिमको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार सञ्चार रजिष्ट्रारलाई हुनेछ ।

३८. **पुनरावेदनः** दफा ३५ को उपदफा (१) बमोजिम सञ्चार रजिष्ट्रारले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ ।

परिच्छेद-१२

## विविध

३९. **अभिलेखीकरण गराउनु पर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन भएका पत्रपत्रिका यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ र त्यस्ता सञ्चार माध्यमले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र यस ऐन बमोजिम आफ्नो दर्ता प्रमाणपत्र र अन्य विवरण सहित कार्यालय समक्ष निवेदन पेस गरी अभिलेखीकरण गराउनु पर्नेछ ।

४०. **अनलाइन माध्यमको प्रयोगः** (१) आमसञ्चार माध्यमको दर्ता, इजाजत तथा नवीकरण गर्दा अनलाइन माध्यमको प्रयोग गर्न सकिनेछ ।

(२) अनलाइन माध्यमको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. **निर्देशन दिन सक्नेः** प्रदेश सरकारले सञ्चार रजिष्ट्रारलाई आवश्यक निर्देशन दिन सक्नेछ । सञ्चार रजिष्ट्रारले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ ।

४२. **पुरस्कार प्रदान गर्न सकिनेः** प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यमलाई प्रदेश सरकारले तोकिएबमोजिम पुरस्कृत गर्न सक्नेछ।

४३. **लोक कल्याणकारी विज्ञापन सम्बन्धी व्यवस्थाः** लोक कल्याणकारी विज्ञापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

४४. **विशेष सहुलियत दिन सकिनेः** महिला, दलित, आदिवासी जनजाती, थारु, मुस्लिम, मधेशी, पीछडावर्ग, सीमान्तकृत समुदाय, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिबाट सञ्चालित वा सामुदायिक वा सहकारीको स्वामित्वमा सञ्चालित आमसञ्चार माध्यमलाई प्रदेश सरकारले तोकिए बमोजिम विशेष सहुलियत दिने व्यवस्था गर्न सक्नेछ।

४५. **अधिकार प्रत्यायोजनः** (१) मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार सञ्चार रजिष्ट्रारले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) सञ्चार रजिष्ट्रारले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार मातहतको अधिकृतस्तरको कर्मचारी वा कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४६. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

४७. **नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ ।

४८. **ऐन कार्यान्वयन मापनः** मन्त्रालयले यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्ष भित्र ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन प्रदेश सभाको सम्बन्धित समितिमा पेस गर्नेछ।

## अनुसूची

(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

शपथको ढाँचा

म .................. मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ ईश्वरको/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै सञ्चार रजिष्ट्रार पदको काम काज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई ईमान्दारीताकासाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

शपथ ग्रहण गर्ने प्रेस रजिष्ट्रारको

(क) नामः-

(ख) दस्तखतः-

(ग) मितिः-

(घ) पदः-

शपथ गराउने पदाधिकारीको

(क) नामः-

(ख) दस्तखतः-

(ग) मितिः-

(घ) पदः-